नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**

(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.

Ref No.

## सूचिकरण सम्वन्धी अत्यन्त जरुरी सूचना

यस संस्थाका सदस्यहरुले संस्थाबाट जारी भएको पेशागत प्रमाणपत्रबाट नेपाल राज्यभित्र सम्पूर्ण निकाय तथा संस्थाहरुको तोकिएको सीमा रकम सम्मको निर्बाध रुपमा लेखापरीक्षण गर्न पाउने अधिकार रहेको विदितै छ। पेशागत प्रमाणपत्र प्राप्त सदस्यले कुनै पनि निकाय तथा संघ संस्थाको लेखापरीक्षण गर्न अन्य कुनै पनि निकायमा सूचिकरण गर्नु नपर्ने र ति निकायलाई लेखाव्यवसायी फर्महरुको नामावली आवश्यक भएमा यस संस्थाबाट वा संस्थाको Web Site बाट समेत प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ। नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुले अन्य निकायमा सुचिकृत गर्नु नपर्ने गरि २०६७ सालमा नेपाल राष्ट्र बैंक, बीमा समिति, शिक्षा विभाग, सहकारी विभाग तथा स्थानीय विकास मन्त्रालयसँग सम्झौता/सहमति भई कार्यान्वयनमा आईरहेको व्यहोरा जानकारी गराइन्छ। हालै विभिन्न निकायहरुबाट लेखापरीक्षण अनुमति प्राप्त लेखापरीक्षकहरुलाई सूचीकरणमा आउन आव्हान गरिएको प्रति यस संस्थाको गम्भीर ध्यानाकर्षण भै यही २०७५ साल भाद्र ११ गते कान्तिपुर दैनिकमा पुनः सूचिकरण नगर्न सार्वजनिक सूचना समेत प्रकाशित गरिएको छ।

तसर्थ, संस्थाको निर्देशनलाई समेत अवज्ञा गर्दै केही सदस्यहरुले विभिन्न निकायहरुमा सूचिकरण गराएको भन्ने संस्थामा जानकारी प्राप्त हुन आएकोले तुरुन्त आफ्नो सूचिकरण फिर्ता लिई सोको जानकारी संस्थामा दिनुहुन यो निर्देशन जारी गरीएको छ। अन्यथा उक्त निर्देशनको पालना नगर्ने सदस्यहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ र आचार संहिताको पालना नगरेको कारण आवश्यक कारवाही गरिने व्यहोरा सम्वन्धित सदस्यहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

The Institute of Chartered Accountants of Nepal

(Established under The Nepal Chartered Accountants Act - 1997)

ICAN Marg, Satdobato Lalitpur / Post Box No. : 5289, Ph.: 5530832, 5530730,

Web: http://www.ican.org.np, Email: ican@ntc.net.np


Satdobato, Lalitpur, Nepal, Tel: 01-5530832, 5530730, Fax: 977-1-5550774

P O Box 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar : Tel. 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel. 977-071-543629, E-mail: icanbtl@ican.org.np

Birgunj : Tel. 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara : Tel. 977-061-537679, E-mail: icanpkr@ican.org.np

Nepalgunj : Tel. 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, E-mail : icandhg@ican.org.np